# <u>मागमा आधारित लिफ्ट सिंचाई कार्यक्रम सञ्चालन कार्यविधि, २०७६</u>

मागमा आधारित लिफ्ट सिंचाई कार्यक्रम सञ्चालन कार्यविधि (प्रथम संशोधन), २०७६  मितिः २०७८/०५/०१

**<u>प्रस्तावना</u>**ः मुलुकका सम्पूर्ण कृषि योग्य भूमिमा कृषि उत्पादकत्वमा योगदान पुग्ने गरी वर्षै भरी दिगो एवम् भरपर्दो सिंचाइ सुविधा पुऱ्याउन आवश्यक रहेको छ । दिगो विकासका मुख्य १७ लक्ष्य मध्ये २०३० सम्म शून्य भोकमरी र गरिवीको अन्त्य गर्ने महत्वपूर्ण लक्ष्य लिएको छ । ⊕सतह सिंचाइबाट सम्भव नभएका खोला/नदी किनारका खेती योग्य जमिनमा सिचाईको अभाव रहेकोले वर्षैभरी दिगो एवम् भरपर्दो सिंचाइ सुविधा पुऱ्याउन जलविद्युत, सौर्य उर्जा वा अन्य नविकरणीय उर्जा प्रयोग गरी कृषकको बालीलाई व्यापक सिंचाइ सुविधा पुऱ्याएर खाद्य सुरक्षा तथा गरिवी निवारणमा टेवा पुग्नेछ । यस अवधारणामा आधारित भएर ⊕मागमा आधारित लिफ्ट सिंचाइ कार्यक्रम कार्यान्वयनको गर्नको लागि प्रदेश सरकार, बागमती प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**(१)यस कार्यविधिको नाम **"मागमा आधारित लिफ्ट सिंचाई कार्यक्रम सञ्चालन कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) Δ...................

(ख) Δ...........

(ख१)♣**"साझेदार भन्नाले"** साझेदार भन्नाले कृषि सहकारी/समूह/फार्म ,लाभग्राहीद्वारा योजना क्षेत्रमा वा कार्यको सञ्चालनका लागि गठित समूह/समिति सम्झनु पर्छ ।

(ग) "**कार्यालय**" भन्नाले कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

(घ) **निर्देशनालय**" भन्नाले कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(ङ) "**निर्माण कार्य**" भन्नाले योजना वा प्रणालीको सञ्चालन अन्तर्गत गरिने कार्यलाई सम्झनु पर्छ ।

(च) "**मन्त्रालय**" भन्नाले ⊕बागमती प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(छ) "**योजना**" भन्नाले लिफ्ट सिंचाइ योजना ♣वा शुन्य शक्ति लिफ्ट सिचाई योजनालाई सम्झनु पर्छ ।

(ज) "**स्थानीय तह**" भन्नाले गाँउपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिकालाई सम्झनु पर्छ ।

---

⊕ प्रथम संशोधनद्वारा संशोधित

Δ प्रथम संशोधनद्वारा झिकिएको

♣ प्रथम संशोधन द्वारा थप गरिएको

३. **उद्देश्य:** यस कार्यविधिको उदेश्य देहाय बमोजीमको हुनेछः-

(क) आवश्यक सिँचाईका पूर्वाधार संरचनाहरु निर्माण गरी कृषियोग्य जमिन मा तरकारी, फलफूल खाद्यान्न वालीमा सिंचाई सुविधा उपलब्ध गराएर कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने,

(ख) सिंचित क्षेत्रफल विस्तार गर्ने ।

४. **कार्यक्रम लागू हुने क्षेत्र:** यो कार्यक्रम ⊕बागमती प्रदेश अन्तर्गतका १३ जिल्लाहरुमा माग तथा आवश्यकताका आधारमा सञ्चालन गरिने छ ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया

५. **प्रस्ताव आह्वान:**(१) निर्देशनालयले अनुसूची-१ बमोजिम राष्ट्रिय पत्रिकामा ३० दिनको म्याद दिई सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ ।

(२) प्रस्ताव पेश गर्न इच्छुक ⊕साझेदारले अनुसूची-२ अनुसारको निवेदन पेश गर्नु पर्नेछ ।

६. **सम्भाव्यता अध्ययन:** (१)⊕योजनाको सम्भाव्यता अध्ययन तथा लागत अनुमान निर्देशनालयले परामर्शसेवावाट सार्वजनिक खरिद ऐन-२०६३ तथा सार्वजनिक खरिद नियमावली-२०६४ का अधिनमा रहि कार्यक्रम वजेटवाट तयार गर्नेछ ।

(२) विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनमा योजनाको आर्थिक, सामाजिक, प्राविधिक प्रतिवेदन संलग्न अनुसूची -३ को ढाँचा वमोजिम हुनेछ ।

(३) प्रतिवेदनमा योजनाको कुल लागत, कार्यान्वयन योजना तथा योजनामा ⊕साझेदारले व्यहोर्नु पर्ने रकम स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ ।

(४) ⊕साझेदारले पेश गरेको निवेदनको आधारमा अनुसूची-४ बमोजिम मूल्याङ्कन गरी विस्तृत सम्भाव्यता अध्ययन गरिनेछ ।

७. **योजना छनौटका आधारहरु:** (१) ⊕उर्जा प्रयोग गरि सिचाईको लागि पानी तान्नु पर्ने स्थानमा लिफ्ट सिचाई र उर्जा प्रयोग नगरि सिचाई गर्न सकिने स्थानको लागि शुन्य शक्ति सिचाँई योजनामा समाबेश गरिने छ ।

(२) गरिव र पिछडिएको क्षेत्रलाई प्राथमिकता दिइनेछ,

(३) योजना आर्थिक, सामाजिक र प्राविधिक दृष्टिकोणले उपयुक्त हुनुपर्नेछ,

---

⊕प्रथम संशोधन द्वारा संशोधित

(४) योजना माग गर्ने किसानहरुले योजना सञ्चालन भए पछि १ हिउदे बाली सहित कम्तीमा वार्षिक २ बाली लगाउने प्रतिबद्धता पनि जनाउनु पर्नेछ,

(५) ⊕लिफ्ट सिचाईका लागि ४ हेक्टर देखि १० हेक्टर र शुन्य शक्ति लिफ्ट सिचाँईका लागि न्यूनतम १ हेक्टर खेति गर्न मिल्ने जमिन, जहाँ नजिक पानी रहेका ठाँउबाट सौर्य/विद्युतीय लिफ्ट गरी सिंचाइ हुने योजनाहरु मात्र कार्यान्वयनमा लगिनेछ ।

(६) योजनाहरु छनौट गर्दा भौगोलिक सन्तुलनलाई पनि आधार बनाइनेछ।

(७) बढी आर्थिक प्रतिफल हुने योजनाहरुलाई प्राथमिकता दिइनेछ,

(८) प्रति हेक्टर लागत रु ६ लाख भन्दा कम हुनुपर्नेछ।

८. **योजना छनौट र सम्झौता**ः (१)निर्देशनालयका प्राविधिकहरुले प्राप्त आवेदनहरुको प्रारम्भिक सूची तयार गरी प्रारम्भिक छनौट गर्नेछ ।

(२)⊕सम्भाव्यता अध्ययनको आधारमा सम्मिलित प्राविधिकको सिफारिसमा निर्देशनालयले एक तह माथिको निकायवाट स्वीकृती लिनु गर्नेछ । परामर्शसेवावाट प्राप्त सम्भाव्यता अध्ययन तथा लागत अनुमान स्वीकृत भएका सिंचाई प्रणालीको निर्माण र सञ्चालन कार्यका लागि जानकारी प्राप्त गरेको १५ दिनभित्र साझेदारले निर्देशनालयसँग अनुसूची-५ बमोजिम सम्झौता गर्नु पर्नेछ।उक्त सम्झौता गर्नका लागि निर्देशनालयले उपलब्ध गराएको धरौटी खाता/विविध खर्च खातामा योजनाको कुल अनुमानित लागतको ५ प्रतिशत रकम जम्मा गरेको सक्कल भौचरका साथ आउनु पर्नेछ। समय सीमा भित्र सक्कल भौचरका साथ सम्झौता गर्न नआएमा क्रमश दोस्रो प्राथमिकतामा रहेका साझेदारसँग सम्झौता गर्न सकिनेछ।

(३)♠परामर्शदातावाट पेश भएको योजनाको सम्भाव्यता अध्ययन तथा लागत अनुमान स्विकृत गरि योजना कार्यान्वयनका लागि निर्देशनालयले सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ का अधिनमा रहि वोलपत्र आव्हान गर्नु पर्नेछ ।

(४)♠योजनाको सहज कार्यान्वयनका लागि समान भौगोलिक अवस्था तथा सुगमताका आधारमा दुई वा सो भन्दा बढि योजनाहरुको क्लस्टर बनाई वोलपत्र आब्हान गर्न सकिने छ ।

९. **भुक्तानी प्रक्रिया**ः(१)⊕सिंचाई योजनाको कार्य सम्पन्न पस्चात सम्वन्धित वोलपत्रदाताले कार्यसम्पन्न प्रतिवेदनको साथै साझेदारलाई योजना हस्तान्तरण पस्चात भुक्तानी दिइनेछ।

---

⊕ प्रथम संशोधनद्वारा संशोधित

♠ प्रथम संशोधनद्वारा थप गरिएको

कार्यक्रम बजेटको दुई प्रतिशत कनटिन्जेन्सी कट्टा गरि अनुगमन, बैठक, ईन्धन,सूचना प्रकाशन लगायत कार्यमा खर्च गरिनेछ ।

(२) [Δ].....................

(३)[⊕]विपन्न वर्गको हकमा साझेदारले व्यहोर्न पर्ने रकम अन्य कुनै/संघ संस्था/स्थानीय तह/निकायबाट आंशिक व्यवस्था गर्न सकिनेछ ।

## परिच्छेद-३
## उपभोक्ता समिति गठन, कार्यान्वयन र दायित्व

१०. **उपभोक्ता समिति गठन, कार्यान्वयन र दायित्वः** (१) Δ..................

(२) Δ.........................

(३) योजनाको लागि आवश्यक पर्ने जग्गा उपलब्ध गराउने दायित्व सम्वन्धित [⊕]साझेदारको हुनेछ ।

(४) निर्माण सम्पन्न भए पश्चात् मर्मत संभारको जिम्मेवारी सम्वन्धित [⊕]साझेदारको हुनेछ ।

(५) Δ.................

११. **जनसहभागिता परिचालनः** [⊕]योजना निर्माणमा सम्वन्धित साझेदारले निर्देशनालयवाट उपलब्ध गराईएको धरौटी/विविध खर्च खातामा योजनाको कुल अनुमानित लागतको ५ प्रतिशत रकम जम्मा गर्नु पर्नेछ ।वोलपत्र आब्हान गर्दा उक्त रकम ५ प्रतिशत भन्दा कम खर्च भए वाकी रकम साझेदारि अनुपात ९५:५ कायम गरि निर्माण सम्पन्न पछि साझेदारको खातामा फिर्ता गरिनेछ ।

१२. **अनुगमन, मूल्याङ्कन र योजना हस्तान्तरणः** (१)लिफ्ट सिँचाई योजनाको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र ज्ञान केन्द्रहरुबाट गरिनेछ ।

(२)Δ...............

## परिच्छेद -४
## विविध

१३. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका बुदाँहरु प्रचलित कानूनसगँ बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ।

---

[Δ] प्रथम संशोधनद्वारा झिकिएको

[⊕] प्रथम संशोधनद्वारा संशोधित

१४. **<u>संशोधन</u>**ः यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१५. **<u>कारवाहीको व्यवस्था</u>**ः साझेदारले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाईएमा वा निर्माण गरिएको सिचाई योजना व्यवसायीक कृषि खेती वाहेक अन्य प्रयोजनको लागि उपयोग गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित असुल उपर गरिनेछ र २ वर्षसम्म प्रदेश सरकारवाट सञ्चालन हुने अनुदानको कार्यक्रममा समावेश गरिने छैन ।

## अनुसूची -१
### (दफा ५ को उपदफा (१) सँग सम्बन्धित)
### <u>प्रस्ताव आव्हानको सूचना</u>

प्रथम पटक प्रकाशित मितिः २०७/    /

⊕यस कृषि विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडाको आ.व. .............को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सिँचित क्षेत्र विस्तारका लागि मागमा आधारित लिफ्ट सिंचाइ कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ अनुसार लिफ्ट सिंचाइ कार्यक्रम निर्माण तथा सञ्चालन गर्न इच्छुक यस प्रदेशका कृषक, कृषक समुह, कृषि सहकारी संस्था, कृषि फार्म, कम्पनी, स्थानीय उपभोक्ता समितिले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्ममा अनुसूची-२ बमोजिमको ढाँचामा कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव निर्देशनालय वा सम्बन्धित कृषि ज्ञान केन्द्रमा दर्ता गर्नुहुन आव्हान गरिन्छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

<u>तपशिल</u>

(१) रु -।१०.को हुलाक टिकट टाँस गरेको निवेदन,
(२) आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्थाको हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
(३) संस्थाको बैठकको निर्णयको प्रतिलिपि,
(४) संस्थाको हकमा स्थायी लेखा नम्बर (PAN) दर्ता नविकरण प्रमाणित प्रतिलिप,
(५) अनुसूची -२ अनुसारको आवेदन फाराम ।

**पुनश्चः** ⊕मागमा आधारित लिफ्ट सिंचाई कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेशको बेवसाईट www.molmac.bagamati.gov.np वा कृषि विकास निर्देशनालयको बेवसाईट …………बाट समेत डाउनलोड गर्न सकिनेछ ।

---

⊕ प्रथम संशोधनद्वारा संशोधित

## अनुसूची-२

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**लिफ्ट सिंचाई योजना सञ्चालन गर्नको लागि दिइने आवेदन फारम**

१ .[⊕]**साझेदारको विवरण**

संस्थाको नामः...............................

दर्ता न.ः दर्ता मितिः दर्ता गरेको संस्थाः..........................(सम्भव भए सम्म)

स्थायी ठेगानाः....................जिल्ला................. गा.पा./न.पा..........

वडा नं............. टोलः .............................

२. व्यक्तिको नामः.......................... सम्पर्क नं.................... .

३. लाभान्वित कृषक परिवार संख्याः...................

४. सिंचाईको लागि पानीको श्रोत

(क) खोला वा नदी ............ (ख) मुहान ....... (ग) भूमिगत जल......

५. योजनाबाट सिंचाई हुनसक्ने जग्गाको क्षेत्रफल..............

६. सिंचाई गरिने जग्गामा हाल गरिएका बालीहरु...........

७. सिंचाई योजनाको लागि जनसहभागिता जुट्न सकने वा नसक्ने

क) सक्ने ख) नसक्ने

८ जनसहभागिता जनसहभागिता जुट्न सक्ने भए प्रतिशतमा

९. सिंचाइबाट हुने फाइदा

(क) कृषि व्यवसायीकरण तर्फ उन्मुख क्षेत्रमा टेवा पुग्ने

(ख) निर्धारित पकेटहरुको उत्पादन कार्यक्रममा टेवा पुग्ने

(ग) बृहत उत्पादन क्षेत्रमा टेवा पुग्ने

माथि पेशगरिएको विवरणहरु ठीक साँचो छन् झुट्टा ठहरी कानूनी कारवाही भएमा सजाय भोग्न राजी छु /छौं । मलाई /हामीलाई लिफ्ट सिंचाई योजना उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु/गर्दछौं ।

निवेदकको सही......................................

निवेदकको नाम ......................................

मितिः.......................................

[⊕] प्रथम संशोधनद्वारा संशोधित

अनुसूची-३

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

लिफ्ट सिंचाई योजनाको विस्तृत योजना प्रतिवेदन तयार गर्नका लागि आवश्यक विषयसूची

## TABLE OF CONTENTS


**EXECUTIVE SUMMARY**

**SALIENT FEATURES**

**ACRONYMS**

**1 INTRODUCTION**

1.1 Background

1.2 Objective and Scope of the Sub-project

1.3 Approach and Methodology

1.4 Methodology Adopted

1.5 Sub-project Area

1.6 Climate, Topography, and Soil

**2 TECHNICAL ASSESSMENT AND DESIGN** Error! Bookmark not defined.

2.1 Water Resources Assessment

2.2 Crop Water Requirements

2.3 Engineering System Design and Drawings

**3 AGRICULTURE PRODUCTION**

3.1 Agriculture

3.2 Present Agriculture Practices

3.3 Present Agriculture Inputs

**4 SOCIO – INSTITUTION AND ORGANIZATION**

4.1 Introduction

4.2 Beneficiaries Demand for the Sub-Project

4.3 Beneficiaries' ad-hoc management Committee

4.4 Level of Cooperation / Enthusiasm among Beneficiaries

4.5 Conflict and Management at Beneficiaries level

4.6 Needs for Training

**5 SUB-PROJECT COST AND FINANCIAL ANALYSIS**

5.1 Analysis of Rates

5.2 Details cost of constriction and its Abstract

5.3 Cost Per Hectare

5.4 Estimated Benefits

5.5 Financial Analysis

**6 CONCLUSION AND RECOMMENDATIONS**

6.1 Conclusion

6.2 Recommendations

Appendices

Appendix A : River Discharge

Appendix B : Crop Water Requirement and Water Balance Computations

Appendix C : Environmental Assessment

Appendix D : Review of Agriculture Situation

Appendix E : Design of Sub- project Component

Appendix F : Rate Analysis

Appendix G : Sub-Project Cost Estimate

Appendix H : Economic Analysis

Appendix I : Drawings

अनुसूची-४

(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

**लिफ्ट सिंचाई योजनाको छनौटका लागि मूल्याङ्कन सूचकहरु**

आयोजनाको नामः

ठेगानाः सम्पर्क व्यक्ती मोवाईल नं.

| क्र.सं . | विवरण | अंङ्क | कैफियत |
|---|---|---|---|
| १ | **सिंचाई क्षेत्रको बिस्तार (हेक्टर)** | २५ | प्रस्तावमा पेश गर्नु पर्ने |
| १.१ | ४-६ | १७ | |
| १.२ | ६.१-८ | २० | |
| १.३ | ८.१-१० | २३ | |
| १.४ | १० हे भन्दा बढी | २५ | |
| २ | **सिंचाईबाट लाभान्वित परिवार संख्या** | १० | प्रस्तावमा पेश गर्नु पर्ने |
| २.१ | १ परिवार | ७ | |
| २.२ | २ देखि ३ परिवार | ८ | |
| २.३ | ४ परिवार वा सो भन्दाबढी | १० | |
| ३ | **सिंचाई आयोजनाको लागि आवश्यक लागत** | १० | |
| ३.१ | ५ लाख भन्दा कम | १० | |
| ३.२ | ५ देखि ७ लाख सम्म | ९ | |
| ३.३ | ७ देखि ८ लाख | ८ | |
| ३.४ | ८ लाख भन्दा बढी | ७ | |
| ४ | **प्रस्तावकको आर्थिक क्षमता** | २० | बैक Balance वा Letter of Bank intent |
| ४.१ | कार्यविधिमा उल्लेख भए अनुसारको लगानी गर्नसक्ने क्षमता भएको | २० | |
| ४.२ | कार्यविधिमा उल्लेख भए अनुसारको लगानी गर्नसक्ने सम्भावना देखिएको | १८ | |
| ४.३ | कार्यविधिमा उल्लेख भए अनुसारको लगानी गर्नसक्ने सम्भावना न्यून देखिएको | १५ | |
| ५ | **सिंचाईबाट हुने फाइदा** | २० | |
| ५.१ | कृषि व्यवसायीकरण तर्फ उन्मुख क्षेत्रमा टेवा पुग्ने | १५ | |
| ५.२ | निर्धारित पकेटहरुको उत्पादन कार्यक्रममा टेवा पुग्ने | १८ | |
| ५.३ | बृहत उत्पादन क्षेत्रमा टेवा पुग्ने | २० | |
| ६ | **आयोजनाको लागि जनसहभागिता** | १५ | प्रस्तावमा पेश गर्नु पर्ने |
| ६१. | आवश्यकता अनुसार जनसहभागिता जुट्न सक्ने | १५ | |

नोटः विस्तृत योजना प्रतिवेदनको लागि कम्तिमा ५० अंक प्राप्त गरेको हुनु पर्नेछ

## अनुसूची-५

### (दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

### लिफ्ट सिचाई योजना सञ्चालन सम्बन्धि सम्झौता पत्र

चालु आ.व. मा योजना सञ्चालनको लागि कृषि विकास निर्देशनालय र.......................... ⊕साझेदार बीच .......... योजना सञ्चालनको लागि आज मिति .....मा यो सम्झौता गरिएको छ।

सम्झौताका शर्तहरु:

१. यो सम्झौता मिति.............देखि प्रारम्भ भएको मानिनेछ ।

२. ⊕साझेदारले वोलपत्रदाता कम्पनि/आपुर्तीकर्ता निर्माण कम्पनीलाई निर्माण कार्यको लागि सहजीकरण गर्नुपर्नेछ ।

३. Δ.................

४. ⊕यस योजनाको कुल लागत इष्टिमेट रु. ...रकम हुनेछ । जसमध्ये निर्देशनालयको तर्फवाट अनुमानित लागत रु.....र साझेदारको तर्फवाट लागत साझेदारी रु.....हुनेछ ।

५. ⊕साझेदारले कार्यालयबाट प्रदान गरिएको बाहेक अन्य श्रोतबाट योजनाको लागि श्रोत जुटाएको अवस्थामा कार्यालयलाई जानकारी दिनुपर्नेछ ।

६. ⊕साझेदारले निर्माणको काम गर्दा खटाइएका प्राविधिक तथा निर्माण ब्यवसायिलाई सहयोग तथा सुरक्षा गर्नु पर्नेछ ।

७. Δ.............

८. साझेदारको लापरवाहीका कारण यो योजनाको निर्माण कार्य सम्पन्न नभइ हानी नोक्सानी हुन गएमा त्यसको सम्पूर्ण जिम्मेवारी साझेदारको हुनेछ ।

९. ⊕यस योजनाको निर्माण कार्य सम्पन्न पस्चात निर्देशनालय तथा साझेदारको साझेदारि रकमको अनुपात मिलाई वोलपत्रदाता कम्पनि/आपुर्तिकर्ताको खातामा जम्मा हुने गरी भुक्तानी गरिनेछ ।

१०. ⊕योजना निर्माण कार्य सम्पन्न भै साझेदारलाई हस्तान्तरण भएपछि मर्मत संभार कार्यको जिम्मेवारी साझेदारको हुनेछ ।

११. ⊕यो सम्झौतामा भएका कुराहरु प्रचलित ऐन नियमसँग बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ ।

.................... ........................

अध्यक्ष / प्रतिनिधि (कृषि ज्ञान केन्द्र/निर्देशनालय कृषि विकास )

उपभोक्ता(नीजि फार्म/सहकारी/समूह/कृषक)

नामः

संस्थाको छाप साक्षी

---

⊕ प्रथम संशोधनद्वारा संशोधित

Δ प्रथम संशोधनद्वारा झिकिएको